# परमेश्वरको योजना- तपाईंको छनोट



God's Design for Choice

CC1310

Nepali

# परमेश्वरको योजना–
# तपाईंको छनोट

लेखकः जे. लोएल हारूप

अनुवादकः बाल कृष्ण शर्मा

पो. बक्स. नं. ४२४५ काठमाण्डौ,
आई सी आई युनिभर्सिटी नेपाल

प्रकाशक

आई सी आइ
पो. व. नं. ४२४५
काठमाण्डौ, नेपाल।

© १९९५ सर्वाधिकार सुरक्षित
आई सी आई युनिभर्सिटी
काठमाण्डौ, नेपाल।

प्रति १०,०००

**God's Design- Your Choice (Nepali)**
**First Edition 1995**

# विषय सूची


पाठ पृष्ठ

आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौं ५

१. के वास्तवमा परमेश्वरको योजना छ त? ................ १०

२. मैले यसपछि के गर्नुपर्छ भनी परमेश्वरले मलाई बताउनुहुन्छ? ................ ३०

३. के परमेश्वरले धेरै कुराको आशा गर्नुहुन्छ? ................ ५०

४. के म परमेश्वरको योजना गुमाउँदैछु? ................ ७२

५. के ख्रीष्टियान हुँदैमा पुगिहाल्छ? ................ ९२

६. परमेश्वर मसँग कसरी बोल्न सक्नुहुन्छ? ................ ११२

७. के येशूलाई परमेश्वरको योजना थाहा थियो? ................ १३४

८. म कसरी भविष्यको नजीक आउन सक्छु? ................ १५०

# आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौं

**तपाईंका अध्ययन सहायक लेखकका तर्फबाट दुइ शब्द**

आफ्नो जीवनको निम्ति परमेश्वरको योजना के होला भनी के तपाईं कहिल्यै अचम्ममा पर्नुभएको छ? तपाईं नयाँ विश्वासी हुनुहुन्छ होला। तपाईं धेरै वर्ष पहिलेदेखि नै ख्रीष्टियान हुनुहुन्छ होला। तर तपाईं निरन्तर रूपमा प्रभुका पछि लागिरहनुहुँदा यस्ता खालका प्रश्नहरू तपाईंको मनमा उठेको हुन सक्छः

*अब म ख्रीष्टियान भएको छु, अब यसपछि मैले के गरेको परमेश्वर चाहनुहुन्छ? यसबारेमा उहाँले मलाई कसरी भन्नुहुन्छ? मैले के गरेको उहाँले चाहनुहुन्छ सो मैले पत्ता लगाएपछि यसलाई गर्न मैले कसरी शुरू गर्नु? कठिनाइहरू र समस्याहरू आउँदा यस योजनालाई मैले गुमाएको छु भन्ने हुन्छ र? भविष्यको बारेमा के होला? के यसबारेमा उहाँले मलाई केही देखाउनु हुन्छ त? उहाँले प्रकट गर्नुभएको कुरालाई मैले कसरी प्रतिउत्तर दिनैपर्छ?*

यी प्रश्नहरूका उत्तरहरू प्राप्त गर्नको निम्ति तपाईंलाई सहायता पुऱ्याउनको लागि नै यो पाठ्यपुस्तक तयार गरिएको हो। तपाईंले प्रत्येक पाठ अध्ययन गर्दै जानुहुँदा तपाईंको निम्ति भएको परमेश्वरको योजना र तपाईंले यसलाई कसरी छान्न सक्नुहुनेछ भन्ने बारेमा अझै पत्ता लगाउनुहुनेछ। तपाईं परमेश्वरको योजनाको अङ्ग हुनुहुन्छ भन्ने कुरा तपाईंले पत्ता लगाउनुहुनेछ। तपाईंले उहाँको इच्छाअनुसार जे गर्नुपर्ने हो सो तपाईंलाई

देखाउन उहाँ चाहनुहुन्छ। तपाईंले सिक्नुभएका सत्यताहरूलाई तपाईंले आफ्नो दैनिक ख्रीष्टियान हिँड़ाइमा प्रयोग गर्न सक्नुहुनेछ।

यस पाठ्यपुस्तकले स्वयम्-शिक्षण प्रणालीलाई प्रयोग गरेको हुनाले यसले तपाईंलाई सिद्धान्तहरू सजिलैसँग सिक्न र तिनीहरूलाई तुरुन्तै व्यवहारमा लगाउन सहायता गर्छ।

**तपाईंको अध्ययन सहायक**

*परमेश्वरको योजना– तपाईंको छनोट* भनिने यो पुस्तक पकेट साइजको भएको हुनाले तपाईं जहाँ जाँदा पनि यसलाई साथमा लगेर फुर्सतको समयमा अध्ययन गर्न सक्नुहुन्छ। यस पुस्तकलाई अध्ययन गर्नको निम्ति हरेक दिन केही समय छुट्ट्याउनुहोस्।

प्रत्येक पाठको शुरूमा नै मुख्य *उद्देश्यहरू* दिइएका छन्। *उद्देश्य* शब्दले यस पाठबाट तपाईंले के सिक्ने आशा राख्नुभएको छ, सो कुरा बताउँछ। एक उद्देश्य कुनै लक्ष्य हो र तपाईंले यी *उद्देश्यहरूलाई* आफ्नो मनमा राख्नुभयो भने अझै राम्रोसँग अध्ययन गर्न सक्नुहुनेछ।

प्रत्येक पाठका शुरूका दुइ पृष्ठहरूलाई बड़ो ध्यानपूर्वक अध्ययन गर्नुहोस्। आउने कुराहरूका निम्ति यसले तपाईंको मनलाई तयारी पार्छ। त्यसपछि पाठलाई खण्ड-खण्ड गरी अध्ययन गर्नुहोस् र *तपाईंको अभ्यासको निम्ति* भनी राखिएको शीर्षकका निर्देशनहरूलाई पालन गर्नुहोस्। यदि तपाईंको अध्ययन सहायक पुस्तिकामा अध्ययन प्रश्नहरूका उत्तरहरू लेख्ने पर्याप्त ठाउँ छैन भने तिनीहरूलाई आफ्नो अभ्यास पुस्तिकामा लेख्नुहोस् र यसरी पछि पाठलाई दोहोर्‍याउँदा तपाईं यसलाई फेरि हेर्न सक्नुहुन्छ। यदि तपाईंले यस पाठ्यक्रमलाई समूहसँग मिलेर अध्ययन गर्नुभएको छ भने, तपाईंको समूहका अगुवाको निर्देशन पालन गर्नुहोस्।

**अध्ययन प्रश्नहरूलाई कसरी उत्तर दिने**

यस अध्ययन पुस्तिका सहायकमा विभिन्न किसिमका अध्ययन प्रश्नहरू समावेश गरिएका छन्। तल विभिन्न उदाहरणसहित कसरी उत्तर दिनुपर्छ सो उल्लेख गरिएको छ।

***ठीक उत्तर*** चुन्नुपर्ने प्रश्नले तपाईंलाई दिइएका विभिन्न उत्तरहरूबाट ठीक उत्तर चुन्न लगाउँछ।

*ठीक उत्तर चुन्ने प्रश्नको उदाहरण*

**१** बाइबलका कतिओटा पुस्तकहरू छन्?

**क.** १०० पुस्तकहरू
**ख.** ६६ पुस्तकहरू
**ग.** २७ पुस्तकहरू

ठीक उत्तरचाहिँ ६६-*वटा* पुस्तकहरू हो। यहाँ तल देखाइएको जस्तै तपाईंको अध्ययन सहायक पुस्तिकामा **ख.**-को वरिपरि घेरा लगाउनुहोस्ः

**१** बाइबलमा कतिवटा पुस्तकहरू छन्?

**क.** १०० पुस्तकहरू
**(ख.)** ६६ पुस्तकहरू
**ग. २७.** २७ पुस्तकहरू

(कुनै-कुनै ठीक उत्तर चुन्ने प्रश्नमा एकभन्दा बढ़ी उत्तरहरू ठीक हुन सक्छन्। यदि यस्तो छ भने ठीक उत्तरको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।)

***ठीक-बेठीक*** प्रश्नहरूले तपाईंलाई दिइएका वाक्यहरूबाट कुन-कुन ***ठीक*** हुन् सो छान्न लगाउँछ।

*ठीक-बेठीक प्रश्नको उदाहरण*

**२** तल दिइएका कुन-कुन बयानहरू ***ठीक*** छन्?

**क.** बाइबलमा जम्मा १२०-वटा पुस्तकहरू छन्।
**(ख.)** बाइबल आजका विश्वासीहरूका निम्ति परमेश्वरको सन्देश हो।
**ग.** बाइबलका लेखकहरू सबैले हिब्रू भाषामा लेखे।
**(घ.)** बाइबल लेख्ने व्यक्तिहरूलाई पवित्र आत्माले प्रेरणा दिनुभएको थियो।

माथि दिइएका बयानहरूमध्ये **ख.** र **घ.** ठीक छन्। माथि देख्नुभएजस्तै तपाईंले छान्नुभएका दुइ अक्षरहरूमा घेरा लगाउनुहोस्।

***जोड़ा मिलाउने*** प्रश्नले तपाईंलाई दिइएका मिल्दोजुल्दो कुराहरूबाट ठीक कुरा मिलाउन लगाउँछ। जस्तैः नामहरूसँग वर्णन अथवा बाइबलका पुस्तकहरूसँग तिनीहरूका लेखकहरूको जोड़ा मिलाउन सकिन्छ।

*जोड़ा मिलाउने प्रश्नको उदाहरणः*

**३** प्रत्येक बयानको अगाड़ि अगुवाले गरेको कामको वर्णनमा उसको संख्या लेख्नुहोस्।

| | | |
|---|---|---|
| <u>१</u> **क.** | सिनै पर्वतमा व्यवस्था पाएको | १) मोशा |
| <u>२</u> **ख.** | इस्राएलीहरूलाई यर्दन नदी पार गराएको | २) यहोशू |
| <u>२</u> **ग.** | यरियो शहरको वरिपरि घुमेको | |
| <u>१</u> **घ.** | फारो राजाको दरबारमा बसेको | |

**क.** र **घ.**-मा दिइएको बयान *मोशाको* जीवनसँग र **ख.** र **ग.**-मा भएको बयान *यहोशूसँग* मिल्छ। माथि देखाएजस्तै तपाईंले

१. संख्या **क.** र **घ.**-को पछाड़ि र २. संख्या **ख.** र **ग.**-को पछाड़ि लेख्न सक्नुहुन्छ।

**तपाईंको विद्यार्थी प्रतिवेदन**

यदि तपाईंले प्रमाणपत्र प्राप्त गर्नको निम्ति अध्ययन गरिरहनुभएको छ भने तपाईंले *विद्यार्थी प्रतिवेदन प्रश्न पुस्तिका* भन्ने छुट्टै पुस्तक पाउनुभएको होला। यस पुस्तिकामा दुइ खण्डहरू छन्। प्रत्येक खण्डलाई कहिले भर्नुपर्छ भनी तपाईंको अध्ययन सहायक पुस्तिकाले बताउँछ।

आई सी आई कार्यालयमा पठाउनको निम्ति दिइएको स्थानीय ठेगानाको प्रयोग गर्नुहोस्। यस पाठको समाप्तिमा तपाईंलाई सुन्दर प्रमाणपत्र पठाइनेछ।

**लेखकको बारेमा**

रेभ. जे लोएल हारूप ब्रसल्स, बेल्जीएममा ख्रीष्टियान केन्द्रका पास्टर हुनुहुन्छ। ब्रसल्समा आउनुभन्दा पहिले १३ वर्षसम्म वासिङ्गटन डि.सी. नजीकैको भर्जिनिया, अलेक्सजेण्ड्रीयामा उहाँले पास्टरको काम गर्नुभएको थियो। उहाँले फ्लोरिडाको लेक्लैण्डमा भएको एसम्बली अफ गडको साउथइस्टन कलेजबाट स्नातक डिग्री प्राप्त गर्नुभएको छ। रेभ. हारूपले पारिवारिक शिविर, सेवकहरूका जमघट र अगुवापनजस्ता तालीमहरूमा प्रशस्तै प्रचारको सेवा पुऱ्याउनुभएको छ। उहाँले माध्यमिक विद्यालय र विश्वविद्यालयका जवान व्यक्तिहरूलाई पनि सेवा पुऱ्याउनुभएको छ। परमेश्वरको वचनको अध्ययन गर्दा र विभिन्न उमेर र पृष्ठभूमिका मानिसहरूलाई सरसल्लाह दिँदा उहाँले वर्षैंदेखि गर्नुभएको गहिरो अनुभवलाई यस पुस्तकमा देख्न सकिन्छ।

अब तपाईं पाठ १ अध्ययन गर्नलाई तयारी भइसक्नुभएको छ। यस अध्ययनमा परमेश्वरले तपाईंलाई आशिष् दिनुभएको होस्।